## मेरो वच्चालाई लीडको विष लागेको छ भनेर मैले कसरी पत्ता पाउने ?

तपाइको वच्चालाई लीडको विषवाट वचाउनका लागि लीडको परीक्षण गर्नु आवश्यक हुन्छ। तपाइको वच्चाको शरीर भित्र लीड छ कि भनेर चिकित्सकले परीक्षण गर्न सक्दछन् र स साना केटाकेटीलाई यस्तो किसिमको परीक्षण खोप लगाउने वेलामा नै अथवा १ देखि २ वर्ष उमेरको वीचमा गराउनु पर्दछ। यदि तपाइ वसेको घर पुरानो छ भने र त्यसमा लीड विद्यमान छ भन्ने तपाइलाइ लागेमा तपाइले आफ्नो केटाकेटीहरुको परीक्षण वेलावेलामा गराई राख्नु पर्दछ। जति चाडो तपाइको वच्चाको शरीरमा वढी मात्रामा लीड रहेको छ भन्ने तथ्य तपाइले थाहा पाउन सक्नु भयो त्यति नै छिटो यस्को उपचार गर्न सकिन्छ।

## थप जानकारी लिनका लागि कृपया हेर्नु होस :

http://www.cdc.gov/nceh/kids/99kidsday/division8.htm

http;//www.kidshealth.org/parent/medical/brain/lead_poisoning.html

http://www.nsc.org/library/facts/lead.htm

*यो जानकारी पुस्तिका (ब्रोसर) निम्न संस्थाहरूको सूचना र श्रोतहरूको सहयोग लिइ तयार गरिएको हो :*

*रोग नियन्त्रण केन्द्र (सेन्टर फर डिजिज कन्ट्रोल)*
*(Centers for Disease Control)*

*राष्ट्रिय सुरक्षा परिषद्*
*(National Safety Council)*

*संयुक्त राज्य वातावरण संरक्षण एजेन्सी*
*(U.S. Environmental Protection Agency)*

*यो जानकारी पुस्तिका (ब्रोसर) स्वास्थ्य तथा मानवीय सेवा विभाग अन्तरगतको शरणार्थी पुनरवास कार्यालयबाट प्राप्त रकमबाट तयार गरिएको हो।*

**U.S. Committee for Refugees and Immigrants**
**2231 Crystal Drive, Suite 350**
**Arlington, VA 22202-3711**
**फोन नं. 703 • 310 • 1130**
**फ्याक्स नं. 703 • 769 • 4241**
**www.refugees.org**

स्वस्थ्य जीवन



# लीडको विष विरूद्धको बचाउ

# Protect Against Lead Poisoning (Nepali)

**www.refugees.org**
*Protecting Refugees, Serving Immigrants, Upholding Freedom since 1911*

*संयुक्त राज्यमा ५ वर्ष मुनिको उमेरमा झण्डै ५००००० केटाकेटीको रगतमा लीडको मात्रा विद्यमान छ ।*

## लीडको विष लागेको भनेको के हो ?

लीड एउटा विषालु तत्व हो । तपाइ यस संग उदाङ्गीनु भयो भने यसले तपाइलाइ नोक्सान पुऱ्याउँदछ । लीड धेरै चीजहरूमा प्रयोग गरिन्छ । जस्तै घर पोत्ने, रगंरोगन (पेन्टस) , घर निर्माणका सामाग्रीहरू, इन्धन र केही खेलौनाहरू सम्ममा पनि यसको प्रयोग गरिएको हुन्छ । तपाइ आफ्नो घरमा लीडलाई देख्न सक्नुहुन्न, सुध्न सक्नुहुन्न अथवा स्वाद चाख्न सक्नु हुन्न । लीडको विष त्यस त्यसबेला लाग्दछ जब तपाइको शरीर भित्र लीड प्रवेश गर्दछ र तपाइलाई बिरामी बनाइ दिन्छ । उपचार नगरिएमा लीडको विषले तपाइको मृगौलामा, नसाहरूमा तथा मांसपेशीहरूमा समस्या खडा गरि दिन्छ । लीडको विषले केटाकेटीमा ढीलो बढ्ने, बहिरो हुने,बढी नै उर्जाशील हुने, विद्यालयमा झमेला निकाल्ने तथा मस्तिष्कलाई नष्ट गर्ने सम्मको समस्या उत्पन्न गराउन सक्दछ ।

## लीड कहाँ पाइन्छ ?

३० वर्ष अथवा सो भन्दा पुराना घरहरूमा प्राय गरी लीड भेटिन्छन् । ती घरहरू बनाउँदा लीड मिसिएका धेरै निर्माण सामाग्री प्रयोग भएका थिए । त्यती वेलामा लीड त्यती खतरनाक छ भनेर थाहा थीएन । तपाइको घर कती पुरानो छ भनेर पत्ता लगाउन महत्वपूर्ण छ । यदि तपाइ बसेको घर ३० वर्ष पुरानो छ अथवा यसको रगं खुइलिएको – उप्किएको छ र धुलै धुलोले ढाकेको छ भने तपाइले आफ्नो घरभेटीलाई लीड भएको नभएको जाँच गराउन र खुइलिएको , उप्किएको र धाजा फाटेको ठाउहरूमा ठीकसंग मर्मत गर्नका लागि भन्नु पर्दछ ।

## लीड शरीर भित्र कसरी पस्दछ ?

धुलोमा तथा घरभित्र र बाहिरको कसिङगरमा लीड भेट्टिन सक्छ । लीड भएको धुलो फर्निचरहरू, खेलौनाहरू र खाने कुराहरू सम्ममा पनि अत्यधिक मात्रामा जमेर वस्न सक्दछ र सफासुग्घर नगरिएमा यी चीजहरु छुदा वा खेल्दा खतरानाक सावित हुन सक्दछन् । लीड मिसिएको कुनै चीज तपाइले खानु भयो भने त्यसवाट तपाइको शरीर भित्र लीड पस्दछ । घर मर्मत गरिदै छ भने यस किसिमको निर्माण कार्यले धेरै धुलो जम्मा गर्न सक्छ । धुलो भएको ठाँउमा सफा गर्नु अति आवश्यक छ । लीड जमीनमा पनि हुन सक्दछ । वाहिर खेली सके पछि केटाकेटीको हात धोई दिनु आवश्यक छ ।

## लीडको विष कस्लाई लाग्न सक्छ ?

जस्लाई पनि लीडको विष लाग्न सक्दछ । तथापि ससाना केटाकेटीहरु वढ्दो उमेरका भएकाले यसवाट बढी प्रभावित हुन्छन्। केटाकेटीको शरीरले सजिलैसंग लीडलाई आफु भित्र छिराउन सक्दछ । साथै उनीहरुको शरीर तथा मस्तिष्क लीडको विष लाग्नका लागि वढी सम्वेदनशील हुन्छन् । साना साना केटाकेटीहरुले जे पनि टिपेर लिन्छन् अथवा चपाइ दिन्छन् र त्यस्ता चीजहरु लीडको धुलो भएका हुन सक्छन् । रगतमा लीड विस्तारै वन्दै जान्छ र त्यसकारण प्राय रोगका लक्षणहरु झट्टपट्ट नदेखिने हुन्छन् । धेरै केटाकेटी स्वस्थ्य देखिएका हुन्छन् तर वास्तवमा उनीहरुको शरीर भित्र लीड रहेको हुन्छ ।

## लीडको विष लाग्नवाट म आफूलाई कसरी वचाउन सक्छु ?

लीडको विषवाट वच्नका लागि सवभन्दा उत्तम उपाय घरको वरिपरि लीड भएका चीजहरु कही कतै छन् कि भनी हेरविचार गर्नु हो । तपाइ पुरानो घरमा वा पुरानो वहुआवासीय भवन (अपार्टमेन्ट विल्डिङ) मा वस्नु भएको छ भने त्यस क्षेत्रमा धेरै लीड भएको हुन सक्दछ । सतर्क हुनोस, र :

- केटाकेटीले खेल्नु अघि र खेली सकेपछि तथा खाना खानु अघि हात धोई दिनोस ।
- तपाइको केटाकेटीले खेल्ने वा मुखले चुस्ने कुनै शिशिहरु खेलौनाहरु तथा चुप लगाउनकन लागि चुस्न दिने सामान (प्यासिफाइयर) आदि सफा गरेर राख्नोस ।
- भुई र अरु धुलो जमेका ठाँउहरुमा चिसो झुम्रो वा लट्ठीमा वेरेको लुडो (मप) ले सफा संग पुछ्नुहोस ।
- तपाइको खाने पानीको पाइप पुरानो छ भने पहिले धारामा चिसो पानी आउन दिनोस र सो प्रयोग गर्नुहोस । तातो पानीले जसरी चिसो पानीले लीडलाई सजिलै संग पानीमा घोलिन दिदैन ।
- पुरानो भित्ताहरुमा उप्किएका रंग रोगनका पाप्राहरुलाई निकालेर फाली दिनोस र सो ठाँउ सफा गर्नुहोस ।

## लीडको विष लाग्नवाट वचाउनका लागि मैले आफ्नो केटाकेटीलाई कसरी दरो वलियो वनाउन सक्छु ?

आफ्नो खानामा प्रशस्त मात्रामा क्याल्सियम र फलामका तत्वहरु (आइरन) नपाउने केटाकेटीहरुलाई लीडको विषले असर गर्ने वढी सम्भावना रहन्छ । दुग्ध उत्पादनहरु जस्तै दुध, चिज र दहीमा क्याल्सियम पाइन्छ । मासु, सिमी सागपात, र गेडागुडीमा फलाम (आइरन) तत्व पाइन्छ । केटाकेटीहरुले सन्तुलित र स्वस्थ खाना खाए पछि उनीहरुमा लीडको विषवाट वच्नका लागि ठिक्कको शक्ति प्राप्त हुन्छ ।